नेपाल विकास अनुसन्धान प्रतिष्ठान

## २१ औं वार्षिकोत्सवको अवसरमा प्रेसित विज्ञप्ति

चैत ३०, २०८०

***विगतबाट सिक्दै, उज्जवल भविष्यको रेखा कोर्दै !***

वि. सं.२०६० सालमा स्थापना भई, अध्ययन अनुसन्धान सुरुआत गरेको नेपाल विकास अनुसन्धान प्रतिष्ठान अहिले देशकै अग्रणी सोच केन्द्रका रूपमा परिचित छ ।

**नेपाल विकास अनुसन्धान प्रतिष्ठान** (नेविअप्र) ले आफ्नो दुई दशक लामो सेवा पूरा गरेको अवसरमा विशेष वार्षिक मन्तव्य कार्यक्रम र त्यस पछि "जलवायु उत्थानशिल भविष्यको लागि अगाडिको बाटो" विषयक विशेषज्ञ समूह (प्यानल) छलफल आयोजना गरेको थियो।कार्यक्रममा माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमका प्रमुख वक्ता अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसिमोड) का महानिर्देशक डा. पेमा ग्याम्सोले **"जलवायु र हिन्दुकुश हिमालय – हाम्रो साझा भविष्य सुरक्षित गर्नका लागि महत्वपूर्ण दशक"** शीर्षकमा महत्वपूर्ण मन्तव्य दिनु भएको थियो । उक्त मन्तव्यमा नेपाल लगायत हिन्दुकुश हिमालय (HKH) क्षेत्र सामु देखापरेका सबैभन्दा जरुरी र अत्यावश्यक चुनौतिहरू जलवायु परिवर्तन, प्रदूषण र जैविक विविधतामा ह्रास जस्ता तीनवटा विश्वव्यापी सङ्कटहरू हुन् र यस दशकमा यी विश्वव्यापी सङ्कटहरूको सामना गर्न तत्काल कदम चाल्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो। वहाँले नेपाल गरिब रहनु पर्ने कुनै कारण नभएको भन्दै आफ्नो समृद्ध जैविक विविधता, प्राकृतिक र मानव संसाधनबाट लाभान्वित हुने अपार सम्भावना रहेको कुरा औंल्याउनुभयो।

सो अवसरमा प्रमुख अतिथिका रुपमा बोल्दै माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुदीले विश्व जलवायु परिवर्तन धेरै हदसम्म अन्य मुलुकहरुमा भएका कार्यहरुका कारण नेपालले यसको गम्भीर नकारात्मक असर भोगिरहेको अवस्थामा नेपाललाई जलवायु न्याय अपरिहार्य रहेको टिप्पणी गर्नु भयो ।यस सन्दर्भमा, उहाँले यस्ता विषयमा अनुसन्धान सञ्चालन गर्नका साथै उपयुक्त नीतिगत निर्णयहरूका लागि अनुसन्धानमा आधारित तथ्यहरु उपलब्ध गराउन र जलवायु न्यायको मुद्दामा सघाउन नेविअप्र जस्ता सोच केन्द्रहरूको भूमिकाको प्रशंसा गर्नुभयो।

नेपालका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) का आवासीय प्रतिनिधि श्री आयशानी लाबे (Ms. Ayshanie Labe) ले संयुक्त राष्ट्र संघीय आवासीय संयोजक (UN

Resident Coordinator) को तर्फबाट बोल्दै जलवायु परिवर्तनका ठूला चुनौतीहरूको सामना गर्नको लागि ज्ञान अभिबृद्‍ध गर्न अनुसन्धानमा लगानी बढाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो।उहाँले सन् २०२२ लाई दिगो पर्वतीय विकासको अन्तर्राष्ट्रिय वर्षका रूपमा पनि स्मरण गराउनु भयो जसमा सन् २०२३–२७ लाई पर्वतीय क्षेत्रको विकासका लागि पाँच वर्षको कार्यको रूपमा घोषणा गरिएको थियो र यस अवधि लाई पर्वतीय क्षेत्रको एजेन्डा बनाउने अवसरका रूपमा सदुपयोग गर्न सुझाव दिनुभयो।

प्रतिष्ठानका अध्यक्ष डा. कृष्ण पहारीले समापन मन्तव्यमा प्रतिष्ठानको विगत दुई दशकको सफलतालाई स्मरण गर्दै भविष्य तर्फको यात्रामा अघि बढ्दा जलवायु परिवर्तन, बदलिदो भूराजनीति लगायत विभिन्न समस्याहरुका कारण ठूला चुनौतीहरूका साथै विज्ञान, प्रविधि तथा मानवीय क्षमताको विकासका कारण थुप्रै अवसरहरू पनि हुने बताउनु भयो। नेविअप्र अध्ययन, अनुसन्धानमा आधारित तथ्यहरुको बलमा समाज रुपान्तरणमा विश्वास गर्दछ भन्दै यस पुनित लक्ष्यमा नेपाल सरकार, विकास साझेदारहरु, प्राज्ञिक संस्थाहरु, नागरिक समाजलगायत सबै सरोकारवालाहरूसँग सहकार्य गर्न ईच्छुक रहेको उल्लेख गर्नुभयो।

यस पछि "**जलवायु उत्थानशिल भविष्यको लागि अगाडिको बाटो**" शिर्षकमा विशेषज्ञ समूह (प्यानल) छलफल भएको थियो। प्यानलमा सहभागि सदस्यहरूमा सोर्स फर एक्शनका संस्थापक तथा सिहाई फाउन्डेसन (चीन) का सह–संस्थापक डा. झाङ ल्यानिङ; जलवायु र वातावरणीय जोखिम न्यूनीकरणमा रणनीतिक समूहको नेतृत्वकर्ता (ईसिमोड) का डा. अरुण भक्त श्रेष्ठ; एकीकृत अनुसन्धान तथा एक्शन फर डिभलपमेन्ट (भारत) का कार्यकारी निर्देशक प्रा. डा. ज्योति पारिख; र जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् (नेपाल) का सदस्य डा. माधव कार्कीको सहभागिता रहेको थियो। एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्रोफेसर इमेरेटस डा. राम मनोहर श्रेष्ठले विशेष मन्तब्य राख्नु भएको थियो। नेविअप्रका जल तथा जलवायु कार्यक्रमका प्रमुख डा. दिवस बहादुर बस्न्यातले प्यानल छलफलको संचालन गर्नु भएको थियो।

छलफलका मुख्य सन्देशहरू निम्न बमोजिम रहेका छन्:

१. जलवायु जोखिमहरू व्यवस्थापन गर्न जल, ऊर्जा, खाना, र पारिस्थितिक प्रणालीलाई समग्र रुपमा बुझ्ने दृष्टिकोण आवश्यक छ।जोखिमका मुख्य कारकहरू जलवायुसँग सम्बन्धित र सामाजिक–आर्थिक हुन, जसलाई स्रोत र पूर्वाधारको अभावले थप गम्भिर बनाएको छ।तसर्थ, जलवायुसँग सम्बन्धित कार्यहरू स्थानीय सन्दर्भमा प्रासंगिक हुनुपर्नुका साथै प्रकृतिमा आधारित समाधानहरूको उपयोग सहित जल व्यवस्थापन अभ्यासहरूमा निर्भर हुनुपर्छ।जब हामी एक अनिश्चित भविष्यमा प्रवेश गर्दैछौं भने हामीले गर्ने कार्यहरू तथ्य प्रमाणमा

आधारित हुनुपर्छ।बाढी र हिमताल फुटेर आउने बाढी जस्ता जलवायु-सम्बन्धित जोखिमहरू सीमापार पनि फैलन सक्ने भएकाले विभिन्न देशहरु बीच सहकार्यको ठूलो आवश्यकता छ।त्यस्तै गरेर क्षमता अभिवृद्धि पनि अर्को प्रमुख आवश्यकता हो।

२. जलवायु अनुकूलनका लागि सन् २०२० मा पेश गरिएको राष्ट्रिय रुपमा निर्धारित प्रतिबद्धता (एनडीसी) र सन् २०२३ मा राष्ट्रिय अनुकूलन योजना (एनएपी) मा जलवायु न्यूनीकरण र तयारीका लागि नेपालको प्रतिबद्धता राम्रोसँग प्रतिबिम्बित भएको छ।एनडीसी र एनएपी कार्यान्वयनमा नेपाललाई चाहिने आर्थिक आवश्यकताको बारेमा आकलन गर्दा, सामान्य अवस्थामा (Business as usual) ४.५ अरब अमेरिकी डलर चाहिन्छ, र यदि थप उपायहरू लिने हो भने ६.५ अरब अमेरिकी डलर आवश्यक पर्दछ। यो अन्तर्राष्ट्रिय जलवायु वित्त मार्फत उपलब्ध हुन सक्ने एक सानो अंश मात्र हो।

नेपालले निम्न ५ मुख्य रणनीतिमा काम गर्न आवश्यक छ: (क) तथ्यमा आधारित वकालत; (ख) जलवायु, जैविक विविधता, र प्रदूषण जस्ता संकटलाई सामना गर्ने क्षमता निर्माण; (ग) परियोजना तयारी र प्रस्ताव लेखन क्षमता बढाउने; (घ) प्रत्येक क्षेत्रमा जलवायु जोखिमलाई मूलप्रवाहीकरण र एकीकृत गर्ने; (ङ) जलवायु वित्त मूल्याङ्कन।

३. हाम्रा दुई छिमेकी मुलुकहरूबाट सिक्नुपर्ने पाठ पनि उक्त अवसरमा मनन गरिएको थियो।चीनको तीव्र आर्थिक वृद्धिले पर्यावरणीय लागतमा ह्रास आयो, र चीनले हाल कार्बन-तटस्थ आर्थिक वृद्धि, ग्रामीण र शहरी विकासको एकीकरण, समान सभ्यता र भौतिक तथा आध्यात्मिक/ मानसिक आवश्यकताहरू सन्तुलन राख्न ध्यान केन्द्रित गरिरहेको छ। यो नेपालजस्ता देशका लागि राम्रो पाठ हुन सक्छ।

४. जलवायु न्यूनीकरण र डिकार्बोनाइजेशनका लागि भारतले सन् २०७० सम्ममा नेट-शून्य लक्ष्य र सन् २०३० सम्ममा ३५% विद्युतिय-सवारी साधन पुर्याउने लक्ष्यमार्फत न्यून-कार्बन, समावेशी वृद्धि गर्ने रणनीति बनाएको छ जुन कुरा यस क्षेत्रमा रहेका देशहरूले सिक्न सक्दछन्।गैर-जीवाश्म ईन्धन (Non-fossil fuel) वृद्धिलाई प्रविधि र वित्त दुवै चाहिन्छ जुन कुराहरु बाधाहरू बन्न सक्छन्, त्यसलाई समाधान गर्न आवश्यक छ।

**५.** नेपाल विकराल वा चरम मौसम सम्बन्धी घटनाहरूबाट सबैभन्दा बढी जलवायु परिवर्तनले प्रभावित हुने देशको ९औं स्थानमा रहेको मानिन्छ र सन् २०५० सम्म कुल ग्राहस्थ उत्पादन (**GDP**) को २.२% गुमाउने आकलन छ।तसर्थ, कृषि, जल, ऊर्जा, यातायात, स्वास्थ्य आदि प्रत्येक क्षेत्रमा समर्पित भई अध्ययन अनुसन्धान गर्ने केन्द्रहरूको आवश्यकता छ।

६. नेविअप्र जस्ता अनुसन्धान संस्थाहरूले अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य प्रमाणमा आधारित भएर निर्णय र नीतिहरू, नीति वकालत, क्षमता निर्माण र उपलब्ध ज्ञानको साझेदारीलाई सघाउन थप अनुसन्धान कार्यहरु गर्न आवश्यक छ।

कार्यक्रममा १०० जना भन्दा बढी प्रतिष्ठित व्यक्तिहरुको भौतिक रूपमा सहभागिता तथा १५० जना भन्दा बढीको अनलाईन सहभागिता रहेको थियो। नेपाल, अष्ट्रेलिया र बंगलादेशमा अवस्थित दूतावास तथा कूटनीतिक संस्थाका प्रतिनिधिहरु, विभिन्न विकास साझेदारहरु, विश्वविद्यालयहरू, सरकारी निकायहरू, सोच केन्द्रहरू, अनुसन्धान संस्थानहरू एवं सञ्चारकर्मीको उपस्थिति थियो।

यस अवसरमा जलवायु परिवर्तनको बढ्दो जोखिमलाई सामना गर्न नेपाल विकास अनुसन्धान प्रतिष्ठान निरन्तर रुपमा अध्ययन अनुसन्धानलाई अगाडि बढाउने संकल्प गर्दै सम्पूर्ण सरोकारवालाहरु सँग सहकार्यका लागि आव्हान गर्दछ।

डा. कृष्ण पहारी
अध्यक्ष
नेपाल विकास अनुसन्धान प्रतिष्ठान